दर्ता नं. ५५७-२०५१/५२

# सोसाइटी अफ ईलेक्ट्रिकल ईन्जिनियर्स नेपाल (सीन)

पो.ब. १२३४२, ३१क बैंक मार्ग, बागबजार, काठमाडौं, नेपाल
याक्स/फोन : ४-२४७९४८, ई-मेल : seen.electrical@gmail.com

च.नं. ०८३/८४-१२

मिति : २०८३.०६.२६

माननीय मन्त्रीज्यू,
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय : भोटेकोशी-त्रिशूली जलविद्युत करिडोरको पुनर्स्थापना, पुनर्निर्माण तथा दीर्घकालीन उत्थानशीलता सम्बन्धी सुझाव प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

२०८३ साल भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको हिमपहिरोजन्य आकस्मिक विपद्‌बाट प्रभावित आयोजनाहरूमा फसेकाहरूको उद्धार, पुनर्स्थापना तथा दीर्घकालीन उत्थानशीलताका साथै ती संकटग्रस्त आयोजनाहरूको पुनर्निर्माणका विषयमा नेपाल विद्युत् प्राधिकरणको सहकार्यमा यस संस्थाले २०८३ असोज ४ गते ऊर्जा क्षेत्रमा कार्यरत संघसंस्थाहरुको नेतृत्वस्तरीय परामर्श कार्यक्रम आयोजना गरेको थियो।

उक्त विपद्‌बाट कोरिडोरका १३ वटा जलविद्युत् आयोजना (कुल जडित क्षमता करिब ७५९ मेगावाट) तथा २२० केभी क्षमताको त्रिशूली ३बी सबस्टेशन प्रभावित भएका छन्। सार्वजनिक तथा निजी ऊर्जा क्षेत्रमा कार्यरत करिव ८६५ जनशक्ति सम्पर्कविहीन रहनुभएको छ। साथै यस क्षेत्रमा प्रारम्भिक करिव रु. ८२ अर्ब वरावरको भौतिक क्षति आंकलन गरिएको छ।

प्रभावित आयोजनाहरूका प्रतिनिधिहरूबाट प्रस्तुत गरिएका कार्यपत्र लगायत प्यानल छलफल तथा सहभागीहरूको मौखिक र लिखित सुझावका आधारमा तयार पारिएको "Post-Disaster Recovery and Resilience Roadmap for the Hydropower Projects of the Bhote Koshi–Trishuli Corridor" शीर्षकको प्रतिवेदन यसैसाथ पेश गरिएको छ।

उक्त प्रतिवेदनमा समावेश निम्न सुझावहरूमा यथाशीघ्र आवश्यक नीतिगत निर्णय तथा कार्यान्वयनका लागि अनुरोध गर्दछौं।

१. **विपदमा हराएका तथा प्रभावित श्रमिकका परिवारलाई संरक्षण गर्ने:**

यस विपद्‌मा परी सम्पर्कविहीन तथा मृतक कर्मचारी, सहायक कम्पनीका कर्मचारी, निजी क्षेत्रका कर्मचारी, निर्माण व्यवसायीका कामदार तथा ज्यालादारी श्रमिकका परिवारलाई समेत समेटी कानुनी घोषणासहित क्षतिपूर्ति, बीमा, पेन्सन तथा रोजगारी र शिक्षासम्बन्धी सहयोगको स्पष्ट मापदण्ड निर्धारण गर्ने।

दर्ता नं. ५५७-२०५१/५२

# सोसाइटी अफ ईलेक्ट्रिकल ईन्जिनियर्स नेपाल (सीन)

पो.ब. १२३४२, ३१क बैंक मार्ग, बागबजार, काठमाडौं, नेपाल
फ्याक्स/फोन : ४-२४७१४५८, ई-मेल : seen.electrical@gmail.com

च.नं. ०८३/८४-१३

मिति : २०८३.०६.२६

२. विद्युत आपूर्ति र सञ्चारलाई एउटै प्रणालीका रूपमा योजना गर्ने:

नेपालका नदि कोरिडोरका आपत्कालीन सञ्चार संरचनालाई critical load को सूचीमा समावेश गर्ने, विद्युत ग्रीडबाट अलग रहेर पनि स्थानीय रुपमा सञ्चालन हुन सक्ने आपत्कालीन विद्युत आपूर्तिको व्यवस्था गर्ने, प्रत्येक भूमिगत विद्युतगृहबाट सतहसम्म अवरुद्ध नहुने दुईतर्फी सम्पर्क अनिवार्य गर्ने, सुरुङभित्र कार्यरत जनशक्तिको दैनिक विवरण आयोजना स्थल बाहिर समेत राख्ने, अनुमतिपत्र प्राप्त आयोजनाहरूले वैधानिक रूपमा भूउपग्रह सञ्चार सेट (Satellite Phone) राख्न सक्ने स्थायी अनुमतिको व्यवस्था नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय गरी मिलाउने, र सम्पूर्ण कोरिडोरका लागि Integrated Early Warning System सञ्चालन गरी नियमित अभ्यास समेत गर्ने।

३. प्रत्येक प्रभावित आयोजनाको पुनर्निर्माण, पुन:सञ्चालन वा सञ्चालन-बन्द वर्गीकरण गर्ने:

प्रत्येक प्रभावित आयोजनालाई पुनर्निर्माण, पुन:सञ्चालन वा सञ्चालन-बन्द मध्ये कुन वर्गमा पर्छ भन्ने निर्णय गरी त्यसको आधार सार्वजनिक गर्ने। सम्बन्धित आयोजनाको जोखिम मूल्याङ्कन तथा संशोधित डिजाइन आधार (revised design basis) टुंगो नलागे सम्म पुनर्निर्माण स्वीकृत नगर्ने। खरिद प्रक्रिया, पहुँच मार्ग तथा वन र बाटो अधिकारको स्वीकृति सहज बनाउन कोरिडोरलाई विशेष निर्माण क्षेत्र (special construction zone) घोषणा गर्ने।

४. पुनर्निर्माणको वित्तीय स्रोत निश्चित गर्ने:

पुनर्निमार्णको प्रकृयामा जाने जलविद्युत आयोजनाको हकमा पहिले बीमा दाबी, त्यसपछि आफ्नै स्रोत तथा पुँजीगत बजेटको पुन:प्राथमिकीकरण, त्यसपछि सरकारी पुनर्निर्माण सुविधा, र अन्त्यमा संशोधित मापदण्डमा निर्माण गर्दा लाग्ने थप लागतका लागि सहुलियतपूर्ण तथा जलवायु वित्त लगायत अनुदानको क्रमलाई नीतिका रूपमा स्थापित गर्ने। आयोजनाको पूर्वस्वरूपमा पुनर्स्थापना गर्दा पाइने क्षतिपूर्ति र संशोधित डिजाइन मापदण्डअनुसार निर्माण गर्दा लाग्ने लागतबीचको अन्तरको व्यवस्था गर्ने र त्यो थप लागत, आयोजनाको महसुल (tariff) वा प्रवर्द्धकको वित्तीय अवस्थामा असर नपर्नेगरी Climate Fund लगायतका स्रोतहरुवाट व्यहोर्ने व्यवस्था गर्ने।

५. पूर्वचेतावनी प्रणाली तथा आपत्कालीन पूर्वतयारीलाई संस्थागत गर्ने:

नेपालका हिमतालहरुको सतह मापन मात्र नभई हिउँ, ढुङ्गा तथा पहिरोको चलायमानता पहिचान गर्ने प्रणालीबाट पूर्वसूचना लिने व्यवस्था गर्ने; चेतावनीले मापन मात्र नभई आउँदै गरेको जोखिमको गम्भीरता देखाउने बनाउने; प्रत्येक प्रणालीको स्वामित्व, मर्मत र परीक्षणलाई संरचनाको अवधिभरि बजेट सुनिश्चित भएको कानुनी दायित्वको व्यवस्था गर्ने; अन्तरदेशीय तथ्याङ्क आदानप्रदान तथा सूचना प्रवाहको स्थायी संयन्त्र स्थापना गर्ने; प्रत्येक आयोजनामा चेतावनीसँगै सक्रिय हुने आपत्कालीन कार्ययोजना, सुरक्षित निकास

दर्ता नं. ५५७-२०५१/५२

# सोसाइटी अफ ईलेक्ट्रिकल ईन्जिनियर्स नेपाल (सीन)

पो.ब. १२३४२, ३१क बैंक मार्ग, बागबजार, काठमाडौं, नेपाल
फ्याक्स/फोन : ४-२४७९४८, ई-मेल : seen.electrical@gmail.com

च.नं. ०८२/८४-१३

मिति : २०८२.०६.२६

तथा आश्रयस्थल, आयोजना स्थलका सुरुङ उद्धार क्षमता र कार्यस्थलमा वर्षको दुईपटक आकस्मिक विपद् नमूना अभ्यासको व्यवस्था गर्ने; र यही कार्ययोजना अन्य नदी कोरिडोरहरुमा रहेका आयोजनामा समेत तत्काल विस्तार गरी आवश्यक थप डिजाइन (Additional Design) तथा विद्यमान डिजाइनमा सम्भावित संशोधन (Modification) को कार्य अघि बढाउने।

६. <u>नियमनकारी, कानुनी तथा अन्तरनिकाय समन्वयका व्यवस्था एकैसाथ टुंगो लगाउने:</u>

नेपालमा अन्तरनिकाय समन्वयमा हुने झन्झटलाई कम गरी नेपाल सरकारको निर्देशनमा राज्यका सम्बन्धित नियमनकारी निकायलाई एउटै समयसीमा भित्र आफ्नो दायित्व निर्वाह गर्न लगाउने। यसरी विपद्बाट प्रभावित आयोजनाहरुको पुनर्निर्माणको क्रममा आवश्यक विद्युत विकास विभागबाट अनुमतिपत्र तथा विद्युत नियमन आयोग र प्राधिकरणबाट विद्युत खरिद बिक्री सम्झौताको अवधि थप र पुनरुत्थान लागतको व्यवस्था, राजस्व तथा भन्सार कार्यालयबाट पुनर्निर्माणमा आवश्यक सामान खरिदमा भन्सार तथा कर छुट, नेपाल बीमा प्राधिकरणबाट बीमा दाबीको शीघ्र भुक्तानी र धितोपत्र बोर्डबाट नष्ट भएका सम्पत्ति तथा साना लगानीकर्ताको संरक्षणसम्बन्धी व्यवस्था। सो कार्यमा नेपाल राष्ट्र बैंकको भूमिका स्पष्ट पार्ने। विद्यमान विपद् व्यवस्थापन संरचनाभित्रै तोकिएको परिस्थिति सिर्जना हुनासाथ स्वतः सक्रिय हुनेगरी मन्त्रालय स्तरमा आपत्कालीन इकाई तोक्ने।

प्रतिवेदनमा उल्लिखित सुझावहरूको कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग, विशेषज्ञ सेवा तथा सहजीकरण उपलब्ध गराउन सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्स नेपाल (SEEN) सदैव तयार रहेको व्यहोरा समेत अनुरोध गर्दछौं।

<u>संलग्न:</u>

१. Post-Disaster Recovery and Resilience Roadmap for the Hydropower Projects of the Bhote Koshi–Trishuli Corridor

.........................

ई. दिल्लीरत्न शाक्य

अध्यक्ष

सोसाइटी अफ इलेक्ट्रिकल इन्जिनियर्स नेपाल (SEEN)

<u>बोधार्थ:</u>

श्री कार्यकारी निर्देशकज्यू, ने.वि.प्रा., दरवारमार्ग, काठमाडौं।